# हातहतियार खरखजाना ऐन, २०१९

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार, काठमाडौं

# हातहतियार खरखजाना ऐन, २०१९

| | लालमोहर मिति | प्रकाशन मिति |
|---|---|---|
| | २०१९।१०।२२ | २०१९।१०।२३ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८ |
| २. केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ३. न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ४. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ५. हातहतियार खरखजाना (पहिलो संशोधन) ऐन, २०४८ | २०४८।७।११ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| ६. हातहतियार खरखजाना (दोस्रो संशोधन) ऐन, २०६४ | २०६४।९।२२ |
| ७. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६← | २०६६।१०।७ |
| ८. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ९. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४◄ | २०७४।६।३० |

२०१९ सालको ऐन नं. ४५

2..................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

← यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

◄ यो ऐन संवत् २०७५ साल भाद्र १ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

हातहतियार खरखजाना सम्बन्धी नेपाल कानूनलाई एकीकरण तथा संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नेपालको सुरक्षा एवं शान्ति र व्यवस्था कायम राख्नको निमित्त हतियार खरखजाना सम्बन्धी प्रचलित नेपाल कानूनलाई एकीकरण र संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः यो ऐनको नाम "हातहतियार खरखजाना ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल [2].......... भर लागू हुनेछ ।

तर नेपाल सरकारको आदेश बमोजिम वा कुनै सरकारी कर्मचारीको हैसियतले आफ्नो कर्तव्य पालन गर्दा निजले दिएको आदेश बमोजिम हातहतियार खरखजाना बनाउन, मरमत गर्न, एक रुपबाट अर्को रुपमा परिणत गर्न, बेच्न, बिक्रीको लागि दिन, लिएर हिड्न, आफू साथ वा आफ्नो नियन्त्रणमा राख्न, नेपाल [2].......... बाट विदेशमा निकासी गर्न, विदेशबाट नेपाल [2].......... भित्र पैठारी गर्न वा नेपाल [2].......... भित्रको एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजानमा यो ऐनका कुनै कुरा लागू हुने छैन ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।✦

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

◈(क) "हातहतियार" भन्नाले तोप, मोर्टार, बख्तरबन्द गाडी, मेशिनगन, राइफल, बन्दुक, पिस्तोल, रिभल्भर वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

✦ मिति २०२०।८।२९ देखि ऐन लागू हुने गरी मिति २०२०।८।२९ को नेपाल राजपत्रमा सूचना प्रकाशित ।

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

खरखजाना प्रयोग गरी वा नगरी चलाइने त्यस्तै प्रकृतिका अन्य यन्त्र सम्झनु पर्छ र सो शब्दले हातहतियार बनाउने मेशिन, उपकरण र हातहतियारको पाटपूर्जा समेतलाई जनाउँछ ।

◈(ख) "मेशिनगन" भन्नाले ब्रेनगन, लुइसगन, स्टेगन, मेशिन, कारबाइन, टम्स मेशिन कारबाइन, जी.एम.जी, एल. एम. जी, सर्ट मेशिन गन वा त्यस्तै प्रकृतिका स्वचालित हातहतियार सम्झनु पर्छ र सो शब्दले मेशिनगन बनाउने मेशिन, उपकरण र मेशिनगनको पाटपूर्जा समेतलाई जनाउँछ ।

◈(ग) "खरखजाना" भन्नाले हातहतियारमा राख्ने बारुद, केप, गोली, छर्रा, डिटोरेनेटर, कार्तुस, फ्यूज वा त्यस्तै प्रकृतिका अन्य पदार्थ समेतलाई जनाउँछ ।

(घ) ☒............

(ङ) ⏭............

(च) "इजाजतपत्र" भन्नाले हातहतियार, खरखजानाका सम्बन्धमा यो ऐन बमोजिम प्राप्त भएको इजाजतपत्र र "इजाजतपत्रवाला" भन्नाले त्यस्तो इजाजतपत्र प्राप्त गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

◈३. <u>इजाजतपत्र लिनु पर्नेः</u> देहायका कुनै कार्य गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्नेछः–

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

☒ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा झिकिएको ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

(क) हातहतियार वा खरखजाना बनाउन वा मर्मत गर्न,

(ख) हातहतियार वा खरखजानाको निकासी वा पैठारी गर्न,

(ग) हातहतियार वा खरखजाना राख्न वा लिएर हिँड्न ।

✷३क. स्वीकृति लिनु पर्नेः (१) कसैले पनि आफूसँग भएको निजी उपयोगको हातहतियार वा खरखजाना प्रचलित कानून बमोजिम निषेध गरेको अवस्थामा बाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्नु पर्दा खरिद गर्ने वा प्राप्त गर्ने व्यक्तिको नाम, थर, ठेगाना र नागरिकता नम्बर उल्लेख गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) विपरीत काम गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

४. ल्याउन वा लैजान मनाहीः (१) कसैले तोप वा मेशिन गन विदेशबाट नेपाल 2............ भित्र ल्याउन, नेपाल 2........ बाट विदेशमा लैजान वा नेपाल 2........ को एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजान समेत हुँदैन ।

(२) इजाजतपत्र नलिई वा इजाजतपत्रमा तोकिएको बन्देजमा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना विदेशबाट नेपाल 2........ भित्र ल्याउन, नेपाल 2........ बाट विदेशमा लैजान वा नेपाल 2........ को एक जिल्लाबाट अर्को जिल्लामा ल्याउन लैजान समेत हुँदैन ।

५. इजाजतपत्र बेगर हातहतियार लिएर हिड्न मनाहीः (१) कुनै व्यक्तिले इजाजतपत्र नलिई वा इजाजतपत्रमा तोकिएको शर्त बन्देजमा नरही हातहतियार लिएर हिँड्न हुँदैन ।

कानून तथा न्याय मन्त्रालय

---

✷ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

◈(२) उपदफा (१) विपरीतको कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

✷(३) उपदफा (२) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

✷(४) उपदफा (३) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई प्रमुख जिल्ला अधिकारी वा निजले खटाएको व्यक्ति वा प्रहरीले गिरफ्तार गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

✷(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र बेगर वा यस ऐनका विरुद्ध हातहतियार लिएर हिड्ने कुनै व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबूत नष्ट गर्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी जुनसुकै ठाउँमा पक्राउ गरी निजले साथमा लिएको हातहतियार कब्जा समेत गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ ।

➢५क. निर्वाचन अवधिमा हातहतियार लिएर हिड्न मनाहीः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ◘निर्वाचन आयोगले प्रचलित कानून बमोजिम गराउने निर्वाचनमा

---

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

✷ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप ।

✷ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप ।

➢ केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा थप ।

◘ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा थप ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

उम्मेदवारको लागि दरखास्त दिने मिति देखि निर्वाचनको परिणाम घोषणा भएको सात दिनसम्मको अवधिभर सुरक्षा सम्बन्धी सरकारी कर्मचारी बाहेक अरु कसैले निर्वाचन क्षेत्रमा इजाजतपत्र प्राप्त हातहतियार पनि लिई हिड्न हुँदैन ।

(२) कसैले उपदफा (१) को बर्खिलाप हातहतियार लिई हिडेमा इजाजतपत्र नभएको हातहतियार लिएर हिंडेको सरह मानी निजलाई दफा ५ बमोजिम कारवाई हुनेछ ।

६. शंका लागेमा हातहतियार, खरखजाना, ल्याउने लैजाने व्यक्तिहरुको खानतलासी लिई पक्राउ गर्नेः (१) इजाजतपत्र बेगर वा इजाजतपत्र भए तापनि कुनै गैरकानूनी काम गर्ने हेतुले कुनै व्यक्तिले हातहतियार वा खरखजाना ◈निकासी वा पैठारी गरेको वा एक जिल्लाबाट अर्को जिल्लामा वसार पसार गरेको शंका लागेमा सहायक निरीक्षक दर्जा वा सो भन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृतले त्यस्तो व्यक्तिको जीउ र त्यस्तो वस्तु भएको शंका लागेको गाडी, पोका, भारी, बोक्ने जवानहरु र वसार पसार गर्दाको बाकसहरुलाई रोकी खानतलासी गर्न र त्यस्तो वस्तु फेला परेमा निजलाई विना वारेन्ट गिरफ्तार गर्न र त्यस्तो हातहतियार वा खरखजाना कब्जा समेत गर्न सक्नेछ ।

(२) यस दफा अन्तर्गत गिरफ्तार गरिएको व्यक्ति र बरामद भएको हातहतियार वा खरखजानालाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र ✷तुरुन्त ◎मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

७. खानतलासी गर्ने अड्डा वा चौकी: नेपाल सरकारले आवश्यक देखिएमा नेपाल सरहद र विदेशी सरहदको सीमानाका बीच हातहतियार वा खरखजानाको तलासी लिने चौकीहरु खडा गर्न

---

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

✷ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सक्नेछ र नेपाल सरकारबाट अख्तियार पाएको व्यक्तिले त्यस ठाउँमा आवत जावत गर्ने गाडी र भारी बोक्ने मानिस वा जीवजन्तुहरुलाई रोकी वसार पसार गर्दा प्रयोग गरिएको बाकसहरु र पोकाहरुको तलासी लिन सक्नेछ ।

८. <u>कुनै निश्चित ठाउँमा हातहतियार, खरखजाना राख्न मनाही:</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको ठाउँमा तोकिएको कुनै किसिमको हातहतियार वा खरखजाना कुनै व्यक्तिले पनि राख्न नपाउने गर्न सक्नेछ ।

९. <u>प्रहरी थानामा हातहतियार खरखजाना बुझाउने:</u> (१) हातहतियार वा खरखजाना राख्ने कुनै पनि व्यक्तिको इजाजतपत्रको अवधि समाप्त भएमा वा इजाजतपत्र बदर गरिएमा वा दफा ८ अन्तर्गत सूचना प्रकाशित भएबाट वा अरु कुनै तरिकाबाट त्यस्तो हातहतियार वा खरखजाना राख्न गैरकानूनी हुन आएमा त्यस्तो हातहतियार वा खरखजाना स्थानीय प्रहरी कार्यालयमा तुरुन्त बुझाई दिनु पर्छ र प्रहरी कार्यालयले पनि बुझी लिई प्रचलित कानून बमोजिम कारवाई गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम हातहतियार वा खरखजाना बुझाई दिए पछि सो बुझाउने व्यक्तिले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको अवधि समाप्त हुनु भन्दा अगावै पनि पुनः देहायको हक प्राप्त गर्न सक्नेछः–

(क) त्यसरी बुझाएको हातहतियार वा खरखजाना आफूसाथ राख्न कानूनी हुन आएमा सो हातहतियार वा खरखजाना फिर्ता लिन पाउने,

(ख) त्यसरी बुझाएको हातहतियार वा खरखजाना कानूनी तवरबाट राख्न पाउने व्यक्तिलाई बिक्री गर्न, गराउन वा त्यस्तो बिक्रीबाट आएको मुनाफा आफूले लिन पाउने ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

तर ☒............ जफत गरिएको कुनै हातहतियार वा खरखजाना यस उपदफाको कुनै कुराले फिर्ता लिन वा बिक्री गर्न अधिकार दिएको मानिने छैन ।

(३) तोकिएको अवधिभित्र उपदफा (२) बमोजिम फिर्ता नभई जम्मा भएको हातहतियार वा खरखजाना नेपाल सरकारको सम्पत्ति हुनेछ ।

(४) माथि उल्लेख गरिएको दफाहरुको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी नेपाल सरकारले देहायको विषयमा नियम बनाउन सक्नेछः–

(क) इजाजतपत्रवालाले कस्तो अवस्था र परिस्थितिमा हातहतियार वा खरखजाना बुझाउनु पर्ने, र

(ख) कति अवधि समाप्त भएपछि उपदफा (३) अन्तर्गत हातहतियार वा खरखजाना जफत हुने ।

१०. इजाजतपत्र प्राप्त गर्ने वा रित्यू गर्ने तरिकाः (१) कुनै व्यक्तिले यो ऐन अन्तर्गत इजाजतपत्र लिनको निमित्त तोकिएको दस्तुर र तोकिएको ढाँचाको दरखास्त प्रमुख जिल्ला अधिकारी छेउ दिनु पर्छ ।

(२) उपदफा (१) अन्तर्गत कसैको दरखास्त दाखिल भएपछि प्रमुख जिल्ला अधिकारीले तोकिए बमोजिमको आवश्यक जाँचबुझ गरी हेर्दा दरखास्तमा लेखिए बमोजिम काम गर्न पाउने गरी इजाजतपत्र दिन मनासिव सम्झेमा तोकिए बमोजिमको शर्त बन्देज राखी दरखास्तवालालाई तोकिएको ढाँचाको इजाजतपत्र दिन सक्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

☒ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा झिकिएको ।

(३) उपदफा (२) बमोजिम दिइएको प्रत्येक इजाजतपत्रको अवधि र त्यसलाई रिन्यू गर्ने तरिका, स्थान र त्यसरी रिन्यू गराउँदा लाग्ने दस्तुर तोकिए बमोजिमको हुनेछ ।

११. <u>इजाजतपत्र रद्दी वा स्थगित गर्ने अधिकार:</u> (१) सार्वजनिक शान्ति सुरक्षाको लागि आवश्यक देखिएमा प्रमुख जिल्ला अधिकारीले कारण सहितको पर्चा खडा गरी आफ्नो अधिकार क्षेत्र भित्रको सबै ठाउँमा वा त्यसको कुनै भागमा वा सबै वा केही इजाजतपत्र रद्दी वा स्थगित गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै इजाजतपत्रवाला दोषी ठहरिएमा प्रमुख जिल्ला अधिकारीले निजको इजाजतपत्र रद्दी वा स्थगित गर्न सक्नेछ ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल [2].......... भर वा त्यसको कुनै भागमा रहेको सबै वा केही इजाजतपत्र रद्दी वा स्थगित गर्न सक्नेछ ।

१२. <u>खानतलासी लिने, कब्जा गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार:</u> कुनै प्रमुख जिल्ला अधिकारीले आफ्नो अधिकार क्षेत्रभित्र बसोबास भएका कुनै व्यक्तिसँग विना इजाजतपत्र वा गैरकानूनी प्रयोजनको निमित्त कुनै हातहतियार वा खरखजाना राखिएको छ भन्ने भरपर्दो शंका लागेमा वा त्यस्तो व्यक्तिसँग सो हातहतियार वा खरखजाना राख्न दिनु सार्वजनिक शान्तिको निमित्त उचित हुने छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई विश्वास लागेमा कारण सहितको पर्चा खडा गरी सो पर्चाको आधारमा त्यस्तो व्यक्तिको घर जग्गामा वा अरु शंका लागेको ठाउँमा खानतलासी गर्न गराउन र इजाजतपत्र भएको वा नभएको जुनसुकै हातहतियार वा खरखजाना उपर कब्जा गर्न सक्नेछ ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

त्यस्तो किसिमको खानतलासी गर्दा गराउँदा प्रमुख जिल्ला अधिकारीले अरु कुनै अड्डाखानाको कर्मचारीलाई साक्षी राखी मात्र गर्नु गराउनु पर्छ ।

१३. <u>रोक्का गर्ने नेपाल सरकारको अधिकारः</u> कसैले हातहतियार वा खरखजाना राख्न इजाजतपत्र पाएको भए तापनि नेपाल सरकारले सार्वजनिक सुरक्षाको लागि आवश्यक ठानेमा जुनसुकै समयमा सो व्यक्तिको साथमा रहेको हातहतियार वा खरखजाना कब्जा गरी रोक्का राख्न आदेश दिन सक्छ ।

१४. <u>लागू गर्ने नेपाल सरकारको अधिकारः</u> नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै व्यक्ति वा व्यक्तिहरुको सम्बन्धमा वा कुनै खास इलाकामा वा कुनै खास किसिमको हातहतियार वा खरखजानाको सम्बन्धमा यो ऐनको सबै वा केही कुराहरु लागू नहुने वा सोही सूचनामा तोकिए बमोजिम संशोधित भई लागू हुने गर्न सक्नेछ ।

१५. <u>हातहतियार, खरखजानाको लगत लिने अधिकारः</u> नेपाल सरकारले समय समयमा सूचना प्रकाशित गरी नेपाल [2]............ भरमा सोही सूचनामा तोकिएको कुनै ठाउँमा कुनै हातहतियार वा खरखजाना राख्ने व्यक्तिले त्यसको लगत तोकिएको अधिकारीलाई दिन निर्देशन गर्न सक्नेछ ।

त्यस्तो सूचना प्रकाशित भएपछि सम्बन्धित हातहतियार वा खरखजाना राख्ने सबै व्यक्तिहरुले तोकिएको अधिकारीले मागे बमोजिमको लगत दाखिल गर्नु पर्छ र निजले त्यस्तो हातहतियार वा खरखजाना नै हेर्न चाहेमा सो समेत देखाउनु पर्छ ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून किताब व्यवस्था समिति

१६. <u>हातहतियार, खरखजाना पदार्थ जफत गर्ने अधिकार</u>ः कुनै व्यक्तिले ◈<u>हातहतियार खरखजाना सम्बन्धी कसूर</u> गरेको सावित भएमा ◎<u>मुद्दा हेर्ने अधिकारीले</u> निजसँग भएको कसूरसँग सम्बन्धित सबै वा कुनै हातहतियार वा त्यसको खरखजाना वा त्यसको सम्बन्धमा प्रयोग भएको सवारी, जन्तु, बाकस वा थैली जफत गरी नेपाल सरकार लाग्ने गर्न सक्नेछ ।

१७. <u>सेना सम्बन्धी हातहतियारको प्रतिवेदन पेश नगरेमा जफत हुने</u>ः कसैले सरकारी वोरको (सेना सम्बन्धी) राइफल, पिस्तौल, रिभाल्भर र त्यस्तै अरु हातहतियार इजाजतपत्र लिई झिकाएको भए त्यसको प्रमाण र कम्पनीको बिल समेत तोकिएको अवधिभित्र तोकिएको अधिकारी छेउ पेश गर्नु पर्छ । मुनासिब कारण बाहेक तोकिएको अवधिभित्र सो हातहतियार पेश नगरेमा नेपाल सरकारले विना मुआब्जा त्यस्तो हातहतियार जफत गर्न सक्नेछ ।

१८. <u>कसूरको सम्बन्धमा सूचना दिनु पर्ने</u>ः यो ऐनले सजाय हुने कसूर गरेको काम कुरा थाहा पाउने प्रत्येक व्यक्तिले मनासिव माफिकको समयमा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा वा प्रहरी कार्यालयमा उक्त कुराको सूचना दिनु पर्छ ।

१९. ☒....................

२०. ☒....................

२१. ☒....................

२२. ☒....................

२३. ☒....................

---

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

☒ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा खारेज ।

◎२४. मुद्दा हेर्ने अधिकारीः (१) दफा २० को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

❐२४क. थुनामा राखी कारबाही गर्नेः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अर्न्तगतको मुद्दाका अभियुक्तलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा राखी कारबाही गर्नु पर्नेछ ।

२५. जाहेरवालालाई पुरस्कार दिनेः ◈हातहतियार खरखजाना सम्बन्धी कसूरको सूचना दिने व्यक्तिलाई सो मुद्दामा कसूरदारबाट उपर भएको जरिवानाको सरकारी कर्मचारी भए चौथाई र अरु भए आधा पुरस्कार दिइनेछ ।

२६. नेपाल सरकारको नियम बनाउने अधिकारः (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरुमा खास गरेर देहायका सबै वा केही कुराहरुको व्यवस्था गर्न सकिनेछः–

(क) इजाजतपत्र दिने हातहतियारको किसिम र संख्या तोक्ने,

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

❐ दोस्रो संशोधनद्वारा थप ।

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) हातहतियार वा खरखजानाको सम्बन्धमा दिइने इजाजतपत्रको ढाँचा र इजाजतपत्र दिंदाको शर्त बन्देजहरु तोक्ने,

(ग) त्यस्तो इजाजतपत्र लागू हुने अवधि तोक्ने,

(घ) इजाजतपत्रको दस्तुर निर्धारित गर्ने,

(ङ) प्रत्येक इजाजतपत्रवालाले तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र बमोजिम काम कुरा गरेको हिसाब किताब वा लगत राख्ने र सरकारी कर्मचारीले जाँच्न चाहेमा त्यस्तो हिसाब किताब वा लगत देखाउनु पर्ने निर्देश दिने,

(च) प्रमुख जिल्ला अधिकारीले हातहतियार वा खरखजाना तयार हुने वा बिक्री हुने ठाउँमा प्रवेश गर्ने र जाँच निरीक्षण गर्ने वा हिसाब जाँच्ने कुनै सरकारी कर्मचारीलाई अख्तियार दिने,

(छ) इजाजतपत्र बमोजिमको वस्तु तयार गर्ने वा बिक्री गर्ने व्यक्तिलाई आफ्नो साथमा रहेको वा नियन्त्रणमा रहेको हातहतियार वा खरखजाना नेपाल सरकारबाट अख्तियार पाएको व्यक्तिलाई देखाउन निर्देश दिने,

(ज) हातहतियार वा खरखजाना आफ्नो साथमा राख्ने व्यक्तिले नेपाल सरकारबाट जाँच्नको लागि अख्तियार पाएको व्यक्तिलाई लगत हिसाब दिने,

(झ) इजाजतपत्र रिन्यू गर्ने व्यवस्था गर्ने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ञ) हातहतियार वा खरखजानाको पसल र कारखाना नेपाल 2............ भित्र खोल्न दिने व्यवस्था गर्ने,

(ट) विदेशतर्फको इजाजतपत्र दिने,

(ठ) कस्ता बन्दुक, राइफल, पिस्तौल र रिभाल्भर सरकारी बोरमा गणना गर्ने सो कुरा तोक्ने ।

२७. ☒..................

कानून तथा न्याय संसदीय मामिला मन्त्रालय

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

☒ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा खारेज ।

<u>दृष्टव्यः</u> १. नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रुपान्तर भएका शब्दहरुः-

(क) "गजेट" को सट्टा "राजपत्र" ।
(ख) "रिपोर्ट" को सट्टा "प्रतिवेदन" ।
(ग) "अपील" को सट्टा "पुनरावेदन" ।
(घ) "अफिस" को सट्टा "कार्यालय" ।
(ङ) "पुलिस" को सट्टा "प्रहरी" ।
(च) "अफिसर" को सट्टा "अधिकृत" ।

२. प्रहरी (पहिलो संशोधन) ऐन, २०२९ द्वारा रुपान्तर भएका शब्दहरुः-
"असिष्टेण्ट सब ईन्सपेक्टर" को सट्टा "सहायक निरीक्षक" ।

३. हातहतियार खरखजाना (पहिलो संशोधन) ऐन, २०४८ द्वारा रुपान्तर भएका शब्दहरुः-
"स्थानीय अञ्चलाधीश" वा "अञ्चलाधीश" को सट्टा "प्रमुख जिल्ला अधिकारी" ।

४. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

५. केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर भएका शब्दहरुः-
"लाइसेन्स" को सट्टा "इजाजतपत्र" ।